# तारकेश्वर गाउँपालिका

नुवाकोट जिल्ला, बागमती प्रदेश

# स्थानीय राजपत्र

खण्ड :- ४ संख्या :- २४ प्रकाशित मिति :- २०७८/०३/३०

भाग :- २

## प्राइभेट फर्म दर्ता सम्बन्धी कार्यविधि, २०७८

गाउँसभाबाट स्विकृत मिति:२०७८/०३/१०

**प्रस्तावनाः**

तारकेश्वर गाउँपालिकाले व्यवपार र उद्योग व्यावसाय गर्ने प्राइभेट फर्महरुको दर्ता, नियमन, सहजीकरण र तत्सम्बन्धी अन्य व्यवस्था गरी गाउँपालिकाको आर्थिक समृद्धि र आम जनताको हित प्रवर्द्धन गर्न वाञ्छनीय भएकाले, स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यो कार्यविधिको नाम : "तारकेश्वर गाउँपालिकाको प्राइभेट फर्म दर्ता कार्यविधि २०७७" रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

ग) यो कार्यविधि तारकेश्वर गाउँपालिकाभित्र लागु हुनेछ ।

**२. परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) **"गाउँपालिका"** भन्नाले तारकेश्वर गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) **"गाउँसभा"** भन्नाले तारकेश्वर गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

ग) **"कार्यपालिका"** भन्नाले तारकेश्वर गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

घ) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ङ) **"उपाध्यक्ष"** भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

च) **"कार्यविधि"** भन्नाले तारकेश्वर गाउँपालिका प्राइभेट फर्म दर्ता सम्बन्धी कार्यविधि, २०७७ सम्झनु पर्छ ।

छ) **"प्राइभेट फर्म"** भन्नाले कुनै एक व्यक्ति वा सो भन्दा बढी आपसमा मिली उद्योग, व्यवपार वा व्यवसाय सञ्चालन गर्न स्थापना गरेको प्राइभेट फर्मलाई सम्झनु पर्छ ।

ज) **"कार्यालय"** भन्नाल तारकेश्वर गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

झ) **"अधिकारी"** भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्छ ।

ञ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यो कार्यविधि वा प्रचलित ऐन नियममा व्यवस्था भएको वा तोकिएको सम्झनु पर्छ ।

ट) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तारकेश्वर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

**३. दर्ता नगरी प्राइभेट फर्म खोल्न नहुने :-** यो कार्यविधि प्रारम्भ भएपछि यो कार्यविधि बमोजिम दर्ता नगराई कसैले पनि प्राइभेट फर्म खोल्न पाइने छैन ।

**४. प्राइभेट फर्म दर्ता गर्न दरखास्त दिनुपर्ने :-**

१) प्राइभेट फर्म दर्ता गर्न चाहने व्यक्तिले गाउँपालिकामा एकसय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

२) प्राइभेट फर्म दर्ता गर्न चाहने व्यक्तिले आफ्नो फर्म दर्ता गर्न दरखास्त दिदाँ देहाय बमोजिमको विवरण र कागजात पेश गर्नु पर्नेछ :

- **उद्योग दर्ताको हकमा :-**

  क) निर्धारित ढाँचाको दरखास्त फाराम र कबुलियतनामा ।

  ख) फर्मको नाम, ठेगाना, सम्पर्क नं, उद्देश्य तथा त्यसले कारोवार गर्ने वस्तु तथा सेवाको विवरण र फर्म धनीको तीन पुस्ते विवरण खुल्ने गरी सम्बन्धीत वडाको सिफारिस ।

  ग) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि

  घ) नेपाली नागरिकताको प्रतिलिपि

  ङ) सरजमिन मुचुल्का,

  च) जग्गा भाडामा लिएको भए भाडा सम्झौता, जग्गा धनीको नागरिकताको प्रतिलिपि ।

  छ) फर्निचर उद्योग भए वन कार्यालयको दुरी खुलेको पत्र, १८ इन्चसम्मको आराको लागि दुरी बाटोबाट ५०० मिटर, ३५ इन्चसम्मको आराको लागि दुरी बाटोबाट १ कि.मि. हुनु पर्नेछ । यदि मेसिनमा रु५० हजारभन्दा कम लगानी हुने भएमा दुरी माग गर्नु नपर्ने ।

  ज) खाद्य उद्योगसँग सम्बन्धित उद्योग भए खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौँडाको अनुमति पत्र ।

  झ) फर्म धनीको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।

- **बाणिज्य दर्ताको हकमा :-**

  क) निर्धारित ढाँचाको दरखास्त फाराम

  ख) वडाको सिफारिस पत्र

  ग) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि

  घ) नेपाली नागरिकताको प्रतिलिपि

  ङ) फर्म धनीको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।

  च) मनी चेन्जर (वित्तीय कारोवार) व्यवसाय दर्ताको लागि नेपाल राष्ट्र बैंकको स्वीकृत पत्र ।

  छ) औषधी व्यवसाय दर्ताको लागि औषधी व्यवस्था विभागको सिफारिस पत्र ।

  ज) विषादीजन्य व्यवसाय दर्ताको लागि सम्बन्धीत कृषि ज्ञानकेन्द्रको सिफारिस पत्र ।

३) दफा ४ को उपदफा १ र २ बमोजिम कसैको दरखास्त परेपछि गाउँपालिकाले सात दिनभित्र तोकिए बमोजिम आवश्यक जाँचबुझ गरी फर्म दर्ता गर्न मनासिब देखेमा तोकिए बमोजिमको दर्ता किताबमा त्यस्तो फर्म दर्ता गरी तोकिएको ढाँचामा प्रमाण पत्र दरखास्तवालालाई प्रदान गर्नेछ ।

४) उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै व्यक्तिको नाममा समान उद्देश्य भएको एक भन्दा बढी वाणिज्य सम्बन्धी प्राइभेट फर्म दर्ता गरिने छैन । तर सोही उद्देश्यको लागि वाणिज्य सम्बन्धी प्राइभेट फर्मको शाखा खोली सञ्चालन गर्न पाइने छ ।

५) उपदफा १ र २ बमोजिम दरखास्त जाँचबुझ गर्दा प्राइभेट फर्म दर्ता गर्न नसकिने भएमा गाउँपालिकाले सात दिनभित्र सोको कारण सहितको जानकारी सम्बन्धीत दरखास्तवालालाई दिनुपर्नेछ ।

**५. फर्म दर्ता दस्तुर :-**

१) फर्म दर्ता गर्न रु १०००।- दस्तुर लाग्नेछ ।

२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि महिला, अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्तिलाई उपनियम (१) मा उल्लिखित दस्तुरमा पच्चिस प्रतिशत छुट हुनेछ ।

३) अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्तिले उपदफा २ बमोजिम सुविधाको लागि आधिकारिक निकायबाट जारी गरिएको अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्ति पहिचान हुने प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

**६. प्राइभेट फर्मको दर्ता :-**

१) दफा ४ बमोजिम प्राइभेट फर्म दर्ता गर्न दरखास्त परेपछि गाउँपालिकाले आवश्यक जाँचबुझ गरी प्राइभेट फर्म दर्ता गर्न मनासिब देखेमा अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता किताबमा फर्म दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रमाणपत्र दरखास्तवालालाई दिनुपर्नेछ ।

२) गाउँपालिकाले निश्चित हदसम्म पूँजी भएको फर्म दर्ता गर्ने, नवीकरण गर्ने, अद्यावधिक गर्ने र खारेज गर्ने लगायतका अधिकार मातहतको कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**७. प्राइभेट फर्मको अद्यावधिकार नवीकरण :-**

१) यस कार्यविधि बमोजिम दर्ता भएका प्राइभेट फर्मको अवधि २ आर्थिक वर्षको हुनेछ र सो अवधि भुक्तान भएपछि नवीकरण गर्दा प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र नवीकरण गर्नु पर्नेछ ।

२) प्राइभेट फर्म नवीकरण गराउन चाहने प्राइभेट फर्मको सञ्चालकले अवधि समाप्त भएको मितिले ३ महिनाभित्र देहाय बमोजिमको कागजात संलग्न गरी गाउँपालिकामा अनुसूची-५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ :-

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,

(ख) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

३) उपदफा २ बामेजिम दरखास्त प्राप्त भएमा गाउँपाालिकाले दफा (५) को उपदफा १ बमोजिम फर्म दर्ता गर्दा लागने दस्तुरको ५० प्रतिशत दस्तुर लिइ त्यस्तो प्राइभेट फर्म नविकरण तथा अद्यावधिक गरिने छ ।

४) उपदफा २ बमोजिमको अवधिभित्र प्राइभेट फर्म नविकरण गराउन नसकेको प्राइभेट फर्मको भनीले आफ्नो प्राइभेट फर्म समयभित्र नविकरण गराउन नसकेको मनासिब कारण देखाई नविकरणको लागि दरखास्त दिएमा त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा सो कारण मनासिब देखिएमा गाउँपालिकाले प्राइभेट फर्म नविकरण गराउने अवधि समाप्त भएको मितिबाट ३ महिनासम्म दोब्बर दस्तुर लिई ग्यस्तो फर्म नवीकरण गर्न सकिनेछ ।

५) उपदफा ४ बमोजिमको म्यादभित्र पनि कुनै प्राइभेट फर्म नविकरण नगराएमा गाउँपलिकाले प्राइभेट फर्म दर्ता ऐन, २०७८ को दफा १९ बमोजिम फर्म खारेजीको कारबाही गर्न सक्नेछ ।

**८. प्राइभेट फर्मको नामसारी, ठाउँसारी र संशोधन सम्बन्धी व्यवस्था :-**

१) एक व्यक्तिको नाममा दर्ता गरेको फर्म अर्को व्यक्तिको नाममा नामसारी वा स्वामित्व परिवर्तन गर्न चाहेमा नामसारी दस्तुर स्वरुप दफा ५ को उपदफा १ बमोजिम पूँजी अनुसार नयाँ दर्तामा लाग्ने सरहको दस्तुर लाग्नेछ । नामसारीका लागि निम्न लिखित कागजातहरु संलग्न गरी निवेदन दिनु पर्नेछ ।

क) नामसारी गरी लिन चाहाने व्यक्तिको निवेदन,

ख) नामसारी गरी लिन चाहाने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ग) साविकवालाले गरी दिएको नामसारी पत्र,

घ) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

२) कुनै एक ठाउँमा संचालित फर्म अन्यत्र स्थानान्तरण गर्नु परेमा ठाउँसारी दस्तुर स्वरुप दफा ५ को उपदफा १ बमोजिम पूँजी अनुसार नयाँ दर्तामा लाग्ने सरहको दस्तुर लाग्नेछ । ठाउँसारी गर्दा निम्न लिखित कागजातहरु संलग्न गरी निवेदन दिनु पर्नेछ :

क) ठाउँसारीक कारण खुलेको निवेदन

ख) अर्को स्थानीय तहमा ठाउँसारी गर्नु पर्ने भएमा सम्बन्धित स्थानीय तहको सहमती पत्र

ग) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

३) फर्म खारेजी गर्दा रु ५००/- दस्तुर लाग्नेछ ।

**९.प्राइभेट फर्मको पूँजी :-**

१) ऐनको दफा ६ को प्रयोजनको लागि ऐन, नियमावली र यस कार्यविधिको अधिनमा रही रु २० लाख सम्म पूँजी भएको प्राइभेट फर्म गाउापालिकाले दर्ता गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम दर्ता भएको प्राइभेट फर्मको सम्बन्धमा यस कार्यविधिका व्यवस्थाहरु गाउँपालिकाको निर्णय अनुसार आवश्यक हेरफेर गर्न सकिनेछ ।

**१०. अन्य शर्तहरु :-**

**प्रचलित कानूनमा तोकिएका अतिरिक्त फर्मले देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ :**

१) फर्म पुनरुत्थान, आधुनिकिकरण वा विस्तार गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

२) फर्मबाट निस्कने फोहोरलाई उचित तवरले व्यवस्थापन गर्नु पर्नेछ ।

३) प्रदुषण नियन्त्रण सम्बन्धमा वन तथा वातावरण मन्त्रालयले तथा अन्य सम्बन्धित निकायले तोकेको शर्तहरु र कार्यविधि अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

४) पहिले दर्ता भएका कम्पनीको नाम, कसैको व्यापारिक नाम वा ट्रेडमार्कसँग मिलेमा फर्मले नाम संशोधन गर्नु पर्नेछ । प्रयोगमा आइसकेको ट्रेडमार्क प्रयोग गर्ने भएमा प्रचलित औद्योगिक सम्पत्ति सम्बन्धी कानून बमोजिम दर्ता गराएर मात्र प्रयोग गर्नु पर्नेछ ।

५)फर्ममा कार्यरत श्रमिकलाई प्रचलित कानून बमोजिम पारिश्रमिक दिनु पर्नेछ । बालबालिकालाई श्रमिकको रुपमा काममा लगाउन पाईने छैन ।

६) कार्यस्थलमा हुने लैगिक हिंसा विरुद्धको आचार सहिंता, २०७६ पालना गर्नु पर्नेछ ।

७) फर्म दर्ता भएपछि त्यस्तो फर्म धनस्को नाम, फर्मको नाम, ठेगाना, दर्ता नं. र मिति प्रष्ट उल्लेख भएको साइन बोर्ड राख्नु पर्नेछ ।

**११. विवरण हेरफेर सम्बन्धी जानकारी :-**

१) कुनै प्राइभेट फर्मको धनीले आफ्नो फर्म दर्ता गराउँदा दिएको विवरण हेरफेर गर्न चाहेमा हेरफेर गर्नुपर्ने विवरणहरु खुलाई सोको लिखित जानकारी गाउँपालिकामा दिनु पर्नेछ ।

२) उपदफा १ बमोजिम लिखित जानकारी प्राप्त भएपछि सो सम्बन्धमा जाँचबुझ गरी गाउँपालिकाले त्यस्तो विवरण हेरफेर गर्न पन्ध्र दिन भित्र स्वीकृत दिन सक्नेछ ।

३) उपदफा १ बमोजिमको संशोधनको जानकारी सम्बन्धित निकायले सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई समेत दिनु पर्नेछ ।

**१२. प्रतिलिपि लिन सकिने :-**

१) यस कार्यविधि बमोजिम प्रदान गरिएको प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा फर्मको धनीले फर्म दर्ता गरेको निकायमा प्रतिलिपि लिनका लागि निवेदन दिनु पर्नेछ ।

२) उपदफा १ बमोजिम परेको निवेदनको व्यहोरा मनासिब देखिएमा दर्ता गरेको गाउँपालिकाले रु ५००/- प्रतिलिपि दस्तुर लिई निवेदनलाई प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

**१३. विवरण उपलब्ध गराउनु पर्ने :-**

१) ऐनको दफा १० को उपदफा (१) बामेजिम कुनै प्राइभेट फर्महरुको विवरण गाउँपालिकाले मागेमा त्यस्तो फमैको धनीले सात दिनभित्र त्यस्तो विवरण उपलब्ध गराउनुपर्नेछ । कुनै कारणबस सो समयभित्र विवरण उपलब्ध गराउन नसकिने भएमा सोको जानकारी गाउँपालिकालाई लिखित रुपमा गराई समय माग गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम समय थपको लागि माग गरेमा अवस्था हेरी विवरण माग गर्नेलाई गाउँपालिकाले त्यस्तो विववरण पेश गर्न बढीमा पन्ध्र दिनसम्म थप गर्नसक्नेछ ।

**१४. खारेजीका लागि निवेदन दिनुपर्ने :-**

१) ऐनको दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम फर्म धनीले मनासिब कारण देखाई आफ्नो फर्म खारेज गर्न चाहेमा अनुसूची-६ बमोजिमको ढााचामा निवेदन दिनु पर्नेछ ।

२) खारेजीका लागि सक्कल नागरिकता सहित स्वयम् फर्म धनी उपस्थित भई दरखास्त दिनु पर्नेछ । स्वयम् फर्म धनी उपस्थित हुन नसक्ने अवस्थामा निजको नजिकको हकवालालाई प्रोपराइटरको मन्जुरीनामा, नाता प्रमाणित प्रमाणपत्र तथा आवश्यक कागजात सहित उपस्थित भएमा प्राइभेट फर्म खारेजी गरी दिन सकिने छ । प्राइभेट फर्म खारेजीका लागि आवश्यक अन्य कागजातहरु -

- अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन,
- फर्म दर्ताको सक्कल प्रमाण पत्र,
- स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- अघिल्लो आ.व को कर तिरेको निस्सा,

३) उपदफा (१) बामेजिम फर्म खारेजीको लागि निवेदन परेमा सम्बन्धित निकायले खारेज गर्नुअघि सम्मको सम्पूर्ण बाँकी बक्यौता, कर चुक्ता भएको प्रमाण पेश गर्न लगाई त्यस्तो प्राइभेट फर्मले तिर्न बुझाउन बाँकी रहेको कानून बममोजिम लाग्ने दस्तुर तथा जरिवाना समेत निजबाट असूल गरी प्राइभेट फर्म खारेज गरी दर्ता किताबबाट लागत कट्टा गर्नु पर्नेछ । सोको जानकारी आनतरीक राजश्व कार्यालयलाई गराउनु पर्नेछ ।

**१५. अनुगमन सम्बन्धी व्यवस्था :-** गाउँपालिकाले समय-समयमा ऐन, नयिमावली र यस कार्यविधि बमोजिम दर्ता एवं सञ्चालन भएका प्राइभेट फर्मको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

**१६. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने :-** सम्बन्धित स्थानीय तहले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

**१७. कार्यविधिकमो व्यवस्था लागु हुने :-** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि प्रारम्भ भएपछि प्राइभेट फर्मको दर्ता र नवीकरण दस्तुरका सम्बन्धमा उु कार्यविधिको व्यवस्था लागु हुनेछ ।

**१८. विविध :-** यो कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**१९. कार्यविधि संशोधन सम्बन्धमा :-** यस कार्यविधिका केही परिमार्जन गर्न आवश्यक देखिएमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**२०. खारेजी र बचाउ :-**यो कार्यविधि पारित हुनु भन्दा अगाडि दर्ता भएका फर्महरु पनि यही कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

## अनुसुचि – १
### दफा ४ को उपदफा (१) सँग सम्वन्धित
### प्राइभेट फर्म दर्ता सम्बन्धी दरखास्त

मिति : २०....../...../.....

**विषय : प्राइभेट फर्म दर्ता गरी दिनुहुन**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू ,
तारकेश्वर गाउँ कार्यपालिकाको कार्यालय
दाडसिङ, नुवाकोट ।

महोदय,

प्रस्तुत विषयमा निम्न बामेजिम उद्योग/व्यवपार व्यवसाय गर्न तपसिलमा उल्लेख भएको नामको प्राइभेट फर्म मेरो नाममा दर्ता गराउन इच्छुक भएकाले आवश्यक कागजात सहित यो निवेदन पेश थरेको छछु । लेखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

तपसिल

१) फर्मको पूरा नाम :
२) फर्मको पूरा ठेगाना :
३) फर्मको उद्देश्य :
४) फर्मको पूँजी :
५) कारोबार गर्ने वस्तु, सेवा तथा कामको विवरण :
६) प्राइभेट फर्मको धनीको नाम र थर :
७) हस्ताक्षर :

इति सम्बत २०........... साल ........... महिना............ गते ............. रोज शुभम ।

# अनुसुचि – २

## दफा ६ को उपदफा (१) सँग सम्वन्धित

## प्राइभेट फर्म दर्ता किताब

| दर्ता नं | फर्म दर्ता मिति | फर्मको नाम र ठेगाना | फर्मको उद्देश्य | फर्मको पूँजी | सञ्चालकको नाम/थर | सञ्चालकको स्थायी ठेगाना | स्थायी लेखा नं | सञ्चालकको सम्पर्क नं | सञ्चालकको फोटो | सञ्चालकको दस्तखत /औठा छाप | प्रमाणित गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**अनुसुचि – ३**

**दफा ६ को उपदफा (१) सँग सम्वन्धित**

तारकेश्वर गाउापालिका

गाउँ कार्यपालिकाको कार्यालय

(बागमती प्रदेश, नेपाल)

दाङसिङ, नुवाकोट

दर्ता न :

दर्ता मिति :

**प्राइभेट फर्म दर्ता प्रमाण पत्र**

निम्नानुसारको विवरण भएको ........................... फर्मलाई मिति २०........ साल ........... महिना ......... गते ....... उद्योग/वाणिज्य सम्बन्धी कार्य संचालन गर्नको लागि तारकेश्वर गाउँपालिकाको प्राइभेट फर्म दर्ता कार्यविधि, २०७८ को दफा ६ बमोजिम दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

**विवरण**

प्रोवराइटरको नाम, थर : ...............................................

ठेगाना : ...............................................

नागरिकता नं : ...............................................

फर्मको ठेगाना : ...............................................

पूँजी रु : ...............................................

उद्देश्य : ...............................................

...................................

(प्रमाणित गर्ने अधिकृत)

## नवीकरण सम्बन्धी विवरण

| नवीकरण मिति | असुली आ.व | रसिद नं | प्रमाण पत्रको मान्य अवधि | नवीकरण गर्ने अधिकारीको | |
|---|---|---|---|---|---|
| | | | | दस्तखत | गाउँपालिकाको छाप |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

...................................

(प्रमाणित गर्ने अधिकृत)

आज्ञाले

पुरुषोत्तम थापा

प्रमुख प्रशासकीय अधिकृत